**महासचिवको प्रतिवेदन**

**(२०२१ -२०२३)**

**१२ सेप्टेम्बर २०२२ सम्म**

१०औं अन्तर्राष्ट्रिय महाधिवेशन पश्चात सहमतीको आधारमा निर्वाचित भएको कार्य समितिबाट भएका मुख्य गतिविधिहरु निम्न बमोजिम रहेका छन् ।

१ **अन्तर्राष्ट्रिय समन्वय परिषद् बैठकः**

- २८ मार्च २०२२ का दिन यस कार्यकालको पहिलो तथा ८४औं अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा सम्पन्न । मुख्यतया बृद्धाश्रम परियोजना लगायतका विषयहरुमा छलफल ।




- ३० अप्रिल २०२२ का दिन ८५औं अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठकमा विज्ञ सम्मेलन विधान सभा, आइसिसि सदस्य मनोयन, संरक्षक परिषद र सल्लाहकार समिति, समिति, कार्यदल गठन लगायतका विभिन्न सरोकारका विषयमा छलफल भई निर्णय ।
- २७ अगष्ट २०२२ का दिन ८६औं अन्तर्राष्ट्रिय समन्वय परिषदको बैठक भौतिक तथा अनलाईन माध्यम बाट सम्पन्न । मुख्यता एशिया प्रशान्त भेला, गैरआवासीय नेपाली दिवस, वार्षिक साधारणसभा लगायतका विभिन्न सरोकारका विषयमा छलफल भई निर्णय ।

२ **अन्तर्राष्ट्रिय कार्यकारी सचिवालय बैठक**

- अप्रिल २०२२ का दिन यस कार्यकालको पहिलो अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न । मुख्यतया आइसिसिको कर्यविधि संचालन तथा अन्य सरोकारका विषयमा छलफल भइ सोको एजेण्डा आइसिसि बैठकमा लगिने निर्णय गरियो ।
- ११ अप्रिल २०२२ का दिन आइएसको दोश्रो आकस्मिक बैठक सम्पन्न । मुख्यता नेपालमा परिवर्तित मुद्रामा खाता खोल्ने बारे छलफल ।
- २६ जुन २०२२ का दिन तेश्रो आइएस बैठक सम्पन्न । मुख्यतया सम्पन्न भएको सेमिनार लगायत सरोकारका विषयमा छलफल ।
- १७ जुलाई २०२२ का दिन चौथो आइएस बैठक सम्पन्न । मुख्यतया संघको संघका गतिविधिहरु बारे छलफल ।
- १४ अगष्ट २०२२ का दिन पाचौं आइएस बैठक सम्पन्न । मुख्यतया संघको बजेट लगायतका विषयमा छलफल ।

- २१ अगष्ट २०२२ का दिन छैठौं आइएस बैठक सम्पन्न । मुख्यतया एनआरएन फाउण्डेसन, समिति कार्यदल र अन्य संघ सम्बन्धी सरोकारका विषयमा छलफल ।
- ९ सेप्टेम्बर २०२२ का दिन ७औं अन्तर्राष्ट्रिय कार्यकारी सचिवालयको बैठक सम्पन्न । मुख्यतया वार्षिक साधारणसभा,गैरआवासीय नेपाली दिवस, राष्ट्रिय खेलकुद प्रतियोगिता लगायतका अन्य सरोकारका विषयमा छलफल ।

३ **कार्यालय पदाधिकारी बैठकः**

- २३ अप्रिल २०२२ का दिन यस कार्यकालको पहिलो पदाधिकारी बैठक सम्पन्न । मुख्यतया आइसिसिमा छलफल गरिने आइसिस सदस्य मनोनयन, सल्लाहकार परिषद, संरक्षक परिषद, मानार्थ परिषद गठन, कार्यदल तथा समिति गठन लगायतका विषयहरुमा छलफल ।

- १४ अगष्ट २०२२ का दिन ८६औं कार्यालय पदाधिकारी बैठक सम्पन्न । मुख्यतया संघको बजेट लगायतका विषयमा छलफल ।

**४ अन्य बैठक तथा छलफल**

नेपाल सरकार तथा सरोकारवालाहरुले आयोजना गरेको बैठक तथा छलफल कार्यक्रममा सहभागीता रहेको छ । ति मध्येका मुख्य बैठकहरुः

- १३ अप्रिल २०२२ का दिन गैरआवासीय नेपालीहरुलाई नेपालको बैंकमा डलर खाता खोल्नको लागि सहजीकरण गर्न नेपाल सरकारले हालै गरेको व्यवस्थाबारे जानकारी गराउन माननीय अर्थ मन्त्री जनार्दन शर्माज्यूको प्रमुख आथित्यतमा एक बृहत अन्तरक्रिया अनलाइन माध्यमबाट सम्पन्न ।
- नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा आयोजना गरिएको कार्यक्रममा संघको सहभागीता । मुख्यतया नेपालको व्यापार एकीकृत रणनीति २०७३ को पुनरावलोकन, बढ्दो व्यापार घाटा न्युनीकरण, कोभिडले व्यापार क्षेत्रमा पारेको असरको न्युनिकरण लगायत नेपालको निर्यात व्यापार लगायतका विषय वस्तुमा छलफल ।




- ९ मई २०२२ का दिन उद्योग सचिवसंग मन्त्रालयमा बैठक । बैठकमा लगानीका साथै एनआरएन नेपाल डेभलपमेण्ट फण्ड नेपालद्वारा गरिने लगानीका विषय र लगानीमा देखिएका कानुनी जटिलतालाई सहजी गरिदिने सम्बन्धमा छलफल ।

- १८ जुलाई २०२२ का दिन निर्वाचन आयोगले आयोजना गरेको निर्वाचन सम्बन्धी विधेयकको मस्यौदा सम्बन्धि छलफल कार्यक्रममा संघको सहभागीता ।



- १९ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघ र निर्वाचन आयोगका प्रतिनिधि वीच छलफल । मुख्यतया विदेशमा बस्ने नेपाली नागरिकहरुको मताधिकार बारे छलफल ।



**५ सेमिनार सम्मेलन तथा अन्तर्कृया :**

- १६ जुन २०२२ का दिन सम्मानीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा एक दिने सेमिनार सम्पन्न । गैरआवासीय नेपाली नागरिकता, लगानी तथा वैदेशिक रोजगारका विषयमा विभिन्न शत्रहरुको आयोजना गरिएको थियो ।




- २० जुन २०२२ का दिन आइओएम द्वारा आयोजित IOM's Diaspora Engagement in Development Process" अन्तर्कृया कार्यक्रममा संघका कार्यकारी अध्यक्ष कुल आचार्य, अध्यक्ष डा बद्री केसी लगायत पदाधिकारीहरु र विभिन्न सरोकारवालाहरुको सहभागीता रहेको थियो । मुख्यतया प्रवासी कामदारको ज्ञान र सीप बारे छलफल ।

- ३ जुलाई २०२२ का दिन प्रतिनिधि सभा अन्तर्राष्ट्रिय सम्बन्धन समितिले आयोजना गरेको छलफल कार्यक्रममा सहभागीता । मुख्यतया नेपालको परराष्ट्र नीति निर्माण तथा तर्जुमाका सम्बन्धमा छलफल ।
- ४ जुलाई २०२२ का दिन नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा । मुख्यतया आर्थिक वर्ष २०७९/८० को मौद्रिक नीति तर्जुमा बारे छलफल ।

- २१ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघको आयोजनामा ललितपुरस्थित होटेल हिमालयनमा "वैदेशिक रोजगार, सामाजिक सुरक्षा, लगानी तथा निक्षेप" विषयक एक दिने कार्यशाला सम्पन्न ।



- गैरआवासीय नेपाली संघ स्वास्थ्य समितिको आयोजना यही आउने २०२२ सेप्टेम्बर १६ देखी १८ सम्म अष्ट्रेलियाको सिड्नीमा चौथौं विश्व स्वास्थ्य सम्मेलनको आयोजना हुदैछ । उक्त सम्मेलनमा नेपाल सरकार लगायत विभिन्न मुलुकका विज्ञहरुको सहभागीता रहने छ ।

## ६ परोपकारी परियोजनाः

- पशुपति क्षेत्रमा निर्माण गर्न लागेको बृद्धाश्रमको निर्माण बारे पशुपति विकास कोष क्षेत्र र गुठी संस्थान लगायत सरोकारवालाहरु संग छलफल ।



- १३ अप्रिल २०२२ का दिन एनसिसि हङ्कंगको सहयोगार्थमा अक्सिजन कन्सन्ट्रेटर र सर्जिकल मास्क पोखरा महानगरपालिकालाई हस्तान्तरण
- १४ अप्रिल २०२२ का दिन एनसिसि हङ्कंगको सहयोगार्थमा क्रममा ७ थान आक्सीजन कन्सट्रेटर मेसिन र २४ हज़ार पिस सर्जिकल मास्क म्याग्दी जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण ।

- १७ अप्रिल २०२२ का दिन एनसिसि जापानको पहलमा संघको सचिवालयमा रक्तदान कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा करीव ३० जना व्यक्तिहरुले रक्तदान गरेका थिए ।




- २२ जुन २०२२ का दिन राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक अध्यक्ष डा महावीर पुनलाई सहयोगको रकम हस्तान्तरण ।

- सन् २४ जुलाई २०२२ का दिन गैरआवासीय नेपाली संघको सचिवालयमा बागलुंगका मिर्गौला रोगी मान बहादुर थापालाई गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् सेसल्सको पहलमा सहयोगको रकम हस्तातरण ।




- १७ जुलाई २०२२ का दिन एनआरएनए शंखमुल पार्कमा सरसफाई कार्यक्रम सम्पन्न ।




- अगष्ट २०२२ का दिन शंखमुल पार्क सरसफाइको लागि आधुनिक घास काट्ने मेशिन र रुख झार काट्ने मेसिन वडा नम्बर ९ का वडा अध्यक्षलाई हस्तान्तरण ।



**७ कोभिड रोकथामः** विश्वव्यापी रुपमा फैलिरहेको कोरोनाको प्रकोप अहिले पनि पुरै नियन्त्रणमा आइसकेको छैन । यसको सर्ने क्रम जारी नै छ । संघले यस कार्यकालमा पनि यसको रोकथामको लागि नेपालका विभन्न जिल्लाहरुमा स्वास्थ्य सुरक्षा सम्बन्धी सामाग्रीहरु वितरण गरिरहेको छ ।

- ११ अप्रिल २०२२ का दिन एनसिसि हङ्कंगको सहयोगार्थमा १० थान अक्सिजन कन्सन्ट्रेटर र ९३ हजार सर्जिकल मास्क भरतपुर महानगरपालिका र ट्राफिक कार्यालय भरतपुरलाई हस्तान्तरण ।




- २० अप्रिल २०२२ का दिन काश्की जिल्ला पत्रकार महासंघलाई रु १ लाख बराबरको स्वास्थ्य सुरक्षा सम्बन्धी सामाग्रीहरु हस्तान्तरण ।




- १० जुन २०२२ का दिन राप्ति नगरपालिकालाई ३ थान कन्सन्ट्रेटर र ६००० थान मास्क हस्तान्तरण ।



- एनसिसि अष्ट्रेलियाको सहयोगार्थ आएको अक्सिजन कन्सन्ट्रेटरहरु मध्ये संघको सचिवालयमा रहेको ५६ थान अक्सिजन कन्सन्ट्रेट मध्य १३ थान विभन्न जिल्लाका स्वास्थ्य चौकीलाइ वितरण गरिसकेको छ र अन्य वितरण गर्ने क्रममा रहेको छ ।
- यसरी नै एनसिसि हङ्कंगको सहयोगमा आएको ३ तिन लाख सर्जिकल मास्कहरु काठमाडौ लगायत नेपालका विभिन्न जिल्लाहरुमा वितरण भइसकेको छ ।

## ८ गैरआवासीय नेपाली नागरिकताः

गैरआवासीय नेपाली नागरिकता विधेयक राष्ट्रपतिज्यू बाट पुनरविचार गर्नको लागि फिर्ता गरिएको विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभा बाट पारित भइ प्रमाणीकरणको लागि सम्मानननीय राष्ट्रपतिज्यू काहा प्रमाणीकरणको लागि पठाईएको छ । राष्ट्रपतिज्यूबाट प्रमाणिकरण भए पछि त्यो विधेयक कानुन बन्ने छ । यस प्रक्रियामा सहयोग गर्नको लागि संघको नागरिकता निरन्तरता कार्यदलले आवश्यक कार्यहरु गरिरहेको छ ।

**९ वैदेशिक रोजगार तथा सामाजिक सुरक्षा**

- १७ अप्रिल २०२२ का दिन वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक राजन श्रेष्ठसंग एक छलफल कार्यक्रम सम्पन्न भयो । मुख्यतया वैदेशिक रोजगारमा विद्यमान रहेका समस्या तथा समाजिक सुरक्षा कोष बारे छलफल ।




- २२ जुन २०२२ का दिन संघको सामाजिक सुरक्षाकोष संग भौतिक र अनलाईन माध्यमबाट बैठक सम्पन्न । मुख्यतया वैदेशिक रोजगारमा जाने कामदारहरुको सामाजिक सुरक्षा बारे छलफल ।



- वैदेशिक रोजगारको क्षेत्रलाइ सुव्यवस्थित र मर्यादित बनाउनको लागि वैदेशिक रोजगार बोर्ड र सामाजिक सुरक्षाकोष संग सहमतीपत्रमा हस्ताक्षर ।
- ३१ अगष्टका दिन संघका अध्यक्ष लगायतका प्रतिनिधिहरुको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव एक नारायण अर्याल, सामाजिक सुरक्षा कोषका निर्देशक कृष्ण अधिकारी लगायत उपसचिवहरु संग भेटघाट । मुख्यतया वैदेशि रोजगार तथा सामाजिक सुरक्षा विषयमा छलफल ।

- २ सेप्टेम्बर २०२२ का दिन श्रम मन्त्रालय र सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि र संघ वीच सामाजिक सुरक्षा कोष बारे भौतिक तथा जुम मार्फत छलफल ।

## १० क्षेत्रीय तथा विज्ञ भेलाहरु

- एनसिसि युएसएको ११औं साधारणसभा तथा विज्ञ सम्मेलन ३ देखी ४ जुलाई, २०२२ सम्म आयोजना भई सम्पन्न । मुख्यतया एनसिसि युएसएको विधान लगायत गतिविधिहरु र ज्ञान सीप बारे छलफल ।




- एशिया प्रशान्त क्षेत्रीय भेला अष्ट २६ देखी २८ सम्म थाइल्याण्डको बैंकमा आयोजना भइ १२ बुदे घोषणापत्र जारी गरी सम्पन्न ।
- युरोपको क्षेत्रीय बैठक एनसिसि स्वीडेनको आयोजनामा २४ र २५ सेप्टेम्बरमा हुदैछ ।
- यस बाहेक अन्य क्षेत्रहरुमा पनि क्षेत्रीय बैठकहरु आयोजना हुदैछ ।

## ११ विभाग, समिति तथा कार्यदलहरु गठन

संघको गतिविधिहरुलाई सुचारु रुपले संचालन गर्नको लागी देहाय अनुसारको विभाग, समिति तथा कार्यदलहरु गठन गरिएको छ । कतिपयले आफ्नो कार्ययोजना र सदस्यहरुको नामावली आइसिसिबाट अनुमोदन भइसकेको छ भने कतिपय समिति तथा कार्यदलले पठाउने क्रममा छन् । यसरी नै अनुमोदन भएका समिति तथा कार्यदलले आफ्ना गतिविधिहरु संचालन गरिरहेका छन् । Flagship Project अन्तर्गत रहेको बृद्धाश्रम परियोजना पशुपति विकास क्षेत्र कोषको जग्गामा आधुनिक सुविधा सम्पन्न बृद्धाश्रम निर्माण गर्नको लागि प्रथम चरणका आवश्यक कार्यहरु भैरहेको छ । यस्तै नेपालको ४ वटा प्रदेशहरुमा मोबाइल ब्लड बस परियोजनाका कार्यहरु सुरु भइ सकेका छन् । त्यस्तै लगानी र स्मार्ट रेष्ट रुम परियोजनाका कार्यहरु पनि अगाडी बढि रहेका छन् । विधान व्याख्या तथा सुझाव समितिले आगामी साधारणसभामा पेश गर्नको लागि ३ महले प्रस्तावित विधानलाई अन्तिम रुप दिएको छ ।

| | |
|---|---|
| 1 | **Flagship Projects – Presidents** |
| 1.1 | Senior Care Project (Pashupati Bridashram) |
| 1.2 | One Province One Mobile Blood Bus Project |
| 1.3 | Rs 10 Billion Emerging Nepal Fund Taskforce |
| 1.4 | Smart Rest Room Projects ( Metro Rest Room & Rural Area Girls Rest Room ) |

| | |
|---|---|
| | |
| 2 | **Foreign Employment** |
| 2.1 | Social Welfare of Migrant Workers Committee |
| 2.2 | Foreign Employment Relief Fund Committee |
| 2.3 | Cooperation with Gurkhas Taskforce |
| | |
| 3 | **Welfare of NRNs –** |
| 3.1 | Continuation of Nepalese Citizenship Committee |
| 3.2 | NRNA Global Nepali Diaspora Integration Committee |
| 3.3 | Voting Right of NRNs |
| 3.4 | Constitutions 291 Dhara - Task Force |
| | |
| 4 | **Trade and Investment** |
| 4.1 | Trade & Investment Promotion Committee |
| 4.2 | Social Enterprenaurship Committee |
| 4.3 | Repartitions and Dual Taxation |
| | |
| 5 | **Nepal Promotions** |
| 5.1 | Tourism Promotion Nepal Committee |
| 5.2 | Language,Literature Committee |
| 5.3 | Promotion of Nepali Goods Abroad Committee |
| 5.4 | Culture & Heritage |
| | |
| 6 | **Skill, Knowledge and Technology Transfer Department** |
| 6.1 | Nepal Science Foundation Committee |
| 6.2 | Vocational Education Committee |
| 6.3 | Agriculture Promotion Committee |
| 6.4 | Health Committee |
| 6.5 | Blood Transfusion System Taskforce |
| | |
| 7 | **Philanthropy and Humanitarian Assistance** |
| 7.1 | One NCC One Charity Committee |
| 7.2 | Nepal Library Project Committee |
| 7.3 | Children Education Support Task Force |
| | |
| 8 | **Women Department** |
| 8.1 | Women Health and Education Committee |
| 8.2 | Women Empowerment and Leadership Committee |
| 8.3 | Women Enterprenureship |
| | |
| 9 | **Youth Departments** |
| 9.1 | Sports Academy Taskforce |
| 9.2 | Youth Empowerment, Leadership, health, and Education Committee |
| 9.3 | Second Generation Engagement Taskforce |
| | |
| 10 | **Organization and Administration** |
| 10.1 | Smart NRNA Committee |

| | |
|---|---|
| 10.2 | Project Planning and Adoptions Committee |
| 10.3 | Election Commission |
| 10.4 | Communication and Publication Committee |
| 10.5 | Judiciry and Disciplinary Comissions |
| 10.6 | Constitution Explanation Committee |
| 10.7 | Constitution Amendment Committee |
| 10.8 | Memberships and Delegates Management Committee |
| | |
| 11 | **Policy Institute** |
| | |
| 12 | **Financial Sustainability** |
| 12.1 | Fund Mobilization Committee |
| 12.2 | Foundation Preparatory Committee |
| 12.2 | Audit Committee |
| 12.3 | Finance Committee |
| 12.4 | Physical Infrastructure and Development Committee |
| 12.5 | Global members’ Benefit Campaign Committee |
| | |
| 13 | **Supervision, Monitoring & Evaluation** |
| 14 | **Logistics Management** |

## १२ स्मार्ट एनआरएनए एमआइएस प्रणाली

उच्चतम प्रविधिको प्रयोग गरी संस्थागत रुपान्तर गर्न यस प्रणालीलाई अघि सारिएको छ । यस प्रणाली बाट सदस्यता प्रणालीलाई अनिवार्य गरिएको छ । विगतमा संचालन भएको एमआइएस प्रणालीलाई अपग्रेड गर्ने कार्य भइरहेको र यसका लागि सरोकारवालाहरु संग सहकार्य र समन्वय भईरहेको छ । यसका साथै संघको एमआइस प्रणाली अन्तर्गत सबै एनसिसिलाई आबद्ध गर्नको लागि आइसिसि र एनसिसि वीच सम्झौता पत्रमा हस्ताक्षर गर्ने कार्य भइरहेको छ । सम्झौता पत्र सबै एनसिसिहरुलाई पठाइसकेको र एनसिसिहरुले हस्ताक्षर गरि पठाइरहेका छन् । कतिपय पठाउने क्रममा हुनुहुन्छ ।

## १३ राष्ट्रिय खेलकुद प्रतियोगिता

९ र १० सेप्टेम्बरमा गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानको आयोजनामा काठमाडौंमा राष्ट्रिय कराँते प्रतियोगिता सम्पन्न । यस प्रतियोगितामा गैरआवासीय नेपाली खेलाडी लगायत ७ प्रदेश र ४ विभागीय टोली गरी कुल ३५० खेलाडीले २१ स्वर्ण, २१ रजत र ४२ काँस्य पदकका लागि प्रतिस्पर्धा गरेका थिए ।

यसरी नै ९औं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत ७ सेप्टेम्बर देखी १६ सेप्टेम्बर २०२२ सम राष्ट्रिय क्रिकेट प्रतियोगको आयोजना भइरहेको र संघको क्रिकेट टोलीले सुदुर पश्चिम प्रदेशलाई पराजित गर्दै विजयको सुरुवात गरेको छ । यही आउने अक्टोवर १४ देखी २० सम्म गण्डकी प्रदेशमा आयोजना हुन गइरहेको छ । यस प्रतियोगितामा गैरआवासीय नेपाली संघ खेलकुद प्रतिष्ठानले विभागीय टोलीको रुपमा सम्पुर्ण समुहगत खेल विधाहरुमा सहभागीता गर्ने छ । यसका लागि आवश्यक तयारी भईरहेको छ ।

**१४ गैरआवासीय नेपाली दिवस र साधारण सभा**

यही आउने अक्टोवर ११ र १२ मा गैरआवासीय नेपाली दिवसका साथै संघको वार्षिक साधारण सभाको आयोजना गर्दैछ । साधारसभामा संघको विधानका साथै गतिविधिहरु बारे छलफल हुने छ । यस्तै यस अवसरमा लगानी तथा अन्य सरोकारका विषयमा छलफल कार्यक्रमको आयोजना गरिने छ । यसका लागि आवश्यक तयारीहरु भइरहेका छन् ।

**१५ भेटघाटः**

- यस कार्यकालमा संघका नवनिर्वाचित पदाधिकारीहरुको नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री, सम्माननीय राष्ट्रिय सभाका अध्यक्ष, विभिन्न राजनैतिक दलका अध्यक्षहरु तथा शिर्ष नेताहरु, मन्त्रीहरु, नेपाल सरकारका मुख्य सचिव लगायत सचिवहरु र सरोकारवालाहरु संग भेट घाट । मुख्यतया गैरआवासीय नेपाली नागरिकता, गैरआवासीय नेपाली परिचय पत्र, वैदेशिक रोजगार, सामाजिक सुरक्षा कोष, लगानी, बृद्धाश्रम परियोजना लगायत अन्य सरोकार विषयमा छलफल भएको थियो ।











१६ **संघको सचिवालयः**

- सचिवालयबाट संघका गतिविधिहरुको संचालन दैनिक रुपमा भईरहेको छ ।
- सचिवालयमा रिक्त रहेको प्रमुख कार्यकारी अधिकृत पदमा संघको कर्मचारी नियमावली अनुसार नियुक्तिका सबै प्रक्रिया पुरा गरी नयाँ प्रमुख कार्यकारी पदमा रवि किरण अधिकारी नियुक्त भई कार्यभार सम्हालिसक्नु भएको छ ।
- कर्मचारीहरुको मुल्यांकन प्रक्रिया तथा सचिवालयको सांगठानिक संरचनाको लागि बाहिरबाट HR AUDIT को लागि कोटेशन आह्वान गरी ३ वटा फर्मले कोटेशन बुझाईसकेको र ती मध्ये एकलाइ चयन गर्नको लागि संघले आवश्यक तयारी गरिरहेको छ ।

यसका अलावा संरक्षक परिषद, सल्लाहकार र मानार्थ परिषद गठन सम्बन्धमा आवश्यक कार्यहरु भईरहेका छन् ।

।।धन्यवाद।।